# Progressive Nepalese Forum in Americas

"छेकून् जति नै अबरोधहरुले
युद्ध छेड्दै जाउ कलमले
तिमी उठाउँदै जाउ, सुसुप्त लुकेका चेतनाहरुलाई
समय पनि टक्क अडेर
गरोस् सलाम युएस नेपाल अनलाइनलाई !!"

अभिबादन साथीहरु,

सर्ब प्रथमत: USNepalOnline.Com समस्त परिवारहरु जो नेपाली समुदायहरुलाई एक बर्षदेखि अबिरल रुपमा समाचार, साहित्य र चेतना मुलक बिशिष्ट परिकार पस्केर सन्तुष्ट पार्न सफल एबं बिचार र बिवेचना राख्न चाहनेहरुको साझा छाता भएर उभिएको छ, हरुलाई म सन्तोष थपलिया "प्रगतिशिल नेपाली फोरम इन अमेरिज" को तर्फबाट हार्दिक बधाई तथा शुभकामना।

मेरो अनुभबमा एक बर्ष भित्र करिब ८ मिलियन पाठकहरु जन्माएर दिन प्रतिदिन आफुलाई सबल र सक्ष्यम प्रमाणित गर्दै जानु यस टिम भित्रका विद्वान र जुझारु साथीहरुको उच्चतम पत्रकारिता अभ्यास भन्नु अतियुक्ती नहोला।

कुनै घटना जन्मिने बित्तिकै बिना तोडमरोड, जस्ताको त्यस्तै यस पत्रिकामा सम्प्रेषण हुन सक्नु, नेपालीहरुको कुनै सभा-समारोह, अन्तर्कृया र सँस्कृतिक कार्यक्रम यस पत्रिकासँग फस्टाउन पाउनु र यससँग सम्बन्धित साथीहरु हिउँद-बर्षा, दिन-रात नभनी समाचार खोज्नमा तल्लिन रहनु नै हामी सबैको मन जित्ने आधारहरु हुन् र यसको सही मुल्याङ्कन पनि यही नै हो।

“तिमी अग्रगामी परिवर्तन लेख्दै जाऊ
हामी सिक्दै जान्छौं तिमीसँग
खबरदार! यदाकदा पनि बिचार त्याग्नु हुन्न अग्रगमनको
किनकी मैले मीत लगाइ सकें युएस नेपालसँग!!

कपुर जस्तो उड्ने 'क' हैन, कसैसँग नडराउने 'क' लेख्न थाल
खरायो जस्तो 'ख' हैन, खबरदारीको 'ख' लेख
गाइगोडे 'ग' को अर्थ भेटिन्छ र?
यथास्थितीबादी गर्ल्याम गुर्लुम लडाउने 'ग' लेख

घर जस्तो 'घ' हैन, घर नभएकाहरुलाई घर को 'घ' लेख

लेख्दै जाउ जन आवाजहरु

खिच्दै जाउ अधिकारका लडाईंहरु

आठ मिलियनले हैन, अठ्ठाईस मिलियनले गाउन सकून्

USNepalOnline को गुणगानहरु!!”

**Santosh Thapaliya**
Vice President
December 7, 2008